# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, १ नं प्रदेश, नेपाल, चैत्र २० गते २०७७ साल ( संख्या १७

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

## हल्दीवारी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

हल्दीबारी गाउँपालिका

# हल्दीवारी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

<u>प्रस्तावनाः</u>

नेपालको संबिधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैंगिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवाण कोष (संचालन) नियमावली,२०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी **हल्दीवारी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,** २०७७ तयार गरिएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो कार्यविधिको नाम "**हल्दीवारी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि,** २०७७" रहने छ ।

(ख) यो कार्यविधि हल्दीवारी राजपत्रमा प्रकाशित भएपछि हल्दीवारी गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२) <u>परिभाषाः</u>

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “गाउँपालिका” भन्नाले हल्दीवारी गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख) “कोष” भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) “घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(ङ)“लैंगिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा

धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

(च) "कोष संचालन समिति" भन्नाले कार्यविधिको दफा (७) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. <u>कोषको स्थापनाः</u>

(१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुनःस्थापना गर्ने काम समेतका लागि हल्दीवारी गाउँपालिकाले एक लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्नुपर्ने छ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,
ख) हल्दीवारी गाउँपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम,
ग) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,
घ) अन्य कुनै आन्तरिक तथा बाहिय स्रोतबाट प्राप्त रकम,
ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम,

४. <u>कोषमा रकम जम्मा गर्ने</u>

हल्दीवारी गाउँपालिकाले प्रत्येक वार्षिक बजेटमा आवश्यकता हेरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. <u>कोषको उपयोगः</u>

(१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछः–

(क) पीडितलाई तत्काल उद्धार गर्न,
(ख) पीडितलाई औषधी उपचार गर्न,
(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउँन,
(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगाएतका सेवा प्रदान गर्न,
(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,
(च) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

(छ) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न ।

(ज) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ बमोजिमको समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनीमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन ।

७. तत्काल उद्धार तथा राहत समितिको समिति गठन (१)कोषको संचालन तथा व्यबस्थापन गर्ने प्रयोजनको लागि एक तत्काल उद्धार तथा राहत समिति कोष संचालन समिति रहनेछ ।

(२)समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) ईलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको महिला सदस्य १ जना - सदस्य

(ङ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य -सचिव

८. समितिको काम,कर्तव्य र अधिकारः

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) लैंगिक हिसा पिडित तथा प्रभावितको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभावितका लागि राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख)राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ,

ग) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ,

घ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कामगर्ने निकायसँग समन्वय गर्ने,

ङ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

च) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने,

झ) लैंगिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउँने ,

९. <u>समितिको बैठक र निर्णयः</u>

क) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ,

ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

घ) समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

ङ) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने  व्यक्तिले निर्णायक मत दिनेछ,

छ) समितिले आबश्यकता अनुसार गाउँपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

ज) समितिको निर्णय समितिको सदस्य -सचिबले प्रमाणीत गरी राख्नु पर्नेछ,

झ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ,

१०. <u>राहत तथा आर्थिक सहयोगको आधार र मापदण्डः</u>

(१) हल्दीवारी गाउँपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

(२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएका कोष संचालन समितिले निर्णय गरी वीस हजार रुपैया नबढ्नेगरी मनासिव रकम,

(ख) हिंसा पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत टेवा वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यता आधारमा प्रति व्यक्ति बढीमा वीस हजार रुपैंया,

(ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैंयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैंया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँचसय रुपैंयाको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च बापत प्रतिदिन पाँचसय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष संचालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

११. <u>राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः</u>

(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँनु पर्ने आधार देखिएमा वडा कार्यालयले कार्यविधिको दफा (७) बमोजिम कोष संचालन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

(३) गाउँपालिका न्यायिक समितिमा विवादको सम्बन्धमा पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा न्यायिक समितिले उद्धारको लागि दफा ७ बमोजिमको समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँनु पर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउँनु पर्नेछ ।

१२. <u>खाता सञ्चालनः</u>

क) कोषको रकम समितिको निर्णय बमोजिम गाउँपालिकाको संचित कोष खाता संचालन भएको बैंकमा खाता खोली जम्मा गर्नुपर्दछ ।

ख) उपदफा (क) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. <u>कोषको लेखा र लेखा परीक्षणः</u>

कोषको लेखा र लेखा परीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१४. <u>कोषको रकम फ्रिज नहुनेः</u>

कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

१५. <u>प्रतिवेदन पेश गर्नेः</u>

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिबेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिबेदन कार्यपालिकाले सार्बजनिक गर्नेछ ।

१६. <u>बैठक भत्ताः</u>

समितिका संयोजक, सदस्य र बढीमा २ जना आमन्त्रित अतिथिले समितिको बैठकमा भाग लिएबापत गाउँकार्यपालिकाले तोके बमोजिमको रकम बैठकभत्ता पाउनेछन् ।

१७. <u>कोषको सचिवालयः</u> कोषको सचिवालय गाउँपालिकाको महिला बालबालिका तथा सामाजिक विकास शाखामा रहनेछ ।

१८. <u>अभिलेख राख्नेः</u> समितिले आफूले गरेको कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

१९. <u>निर्देशन दिन सक्नेः</u>

क) गाउँकार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम गाउँकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२०.अधिकार प्रत्यायोजनः

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा गाउँकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१.कोष खारेज हुन सक्नेः

क) कोष संचालन गर्न आवश्यक नठानेमा गाउँसभाको निर्णयबाट उक्त कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँकार्यपालिकाको बैठकबाट हुनेछ ।

हल्दीबारी गाउँपालिका

अनुसुची १
(दफा ११ को उपदफा १ सँग सम्बन्धित)

**विषयः सहयोग उपलब्ध गराई पाँउ ।**

श्री वडा अध्यक्ष ज्यु,
........ नं वडा कार्यालय

प्रस्तुत विषयमा यस हल्दीवारी गाउँपालिका वडा नं.........................मा बस्ने बर्ष ........को म .................................मिति ...................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक/शारिरीक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार /कानुनी सहायता एवं परामर्श /उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ................कामको लागि सहयोगको आवस्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदकको
नामः
ठेगानाः
दस्तखतः
मितिः

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत
प्रविन दाहाल

हल्दीबारी गाउँपालिका